लोकवार्ता अध्ययन पहिचान र विकाससँग सम्बन्धित छ : तुलसी दिवस

nepalnews.com/news/nation/12692-2019-12-07-04-34-12

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्यातिप्राप्त साहित्यकार हुन्, तुलसी दिवस। वास्तविक नाम, तुलसीप्रसाद जोशी। नेपाली संस्कृति र विशेषत: नेपाली लोकवार्तामा उनको दख्खल विशेष छ। लोकवार्तिक प्रसङ्गलाई लिएर लोकवार्ता विज्ञ **तुलसी दिवस**ले *नेपालन्युज*का लागि **आभास धरानन्द राजोपाध्याय**सँग गरेको वार्ताको सम्पादित अंश यहाँ प्रस्तुत गरिएको छ -

लोकवार्ता अध्ययनको छुट्टै विषय हो, यसले के-के विषय समेट्छ?

प्रथमत: लोकवार्ता भन्ने शब्द २०२४ सालमा मैले 'नेपाली लोकवार्ता : गतिशील वैज्ञानिक शास्त्र' भन्ने लेखमार्फत् यसको अवधारणा विकसित हुन थालेको हो।

यो कुराकानीमा मात्र सीमित हुँदैन, यस विषयले लोकमा प्रचलित रीतिरिवाज, रहनसहन, चाडपर्व, उत्सव, मूल्यमान्यता, परम्परागत लोक औषधोपचारको विधि, लोकभाषा, लोकइतिहास, सामाजिक, सांस्कृतिक र आर्थिक संरचना समावेश गरेको हुन्छ। यसले हाम्रो सम्पूर्ण जीवनपद्धति र चिन्तनधारलाई पनि समेट्छ।

कुनै पनि देशको विकासको कुरा गर्दा, भौतिक विकास मात्र भएर हुँदैन। हो, बाटो, पुल, विद्यालय बन्नुपर्छ, तर त्यतिले पुग्दैन। मानिसका मानसिक र आन्तरिक विकास पनि त्यत्तिकै महत्त्वपूर्ण हुन्छ।

नेपालमा यस विषयको अध्ययन-अनुसन्धान कत्तिको आवश्यक छ?

सबैभन्दा महत्त्वपूर्ण कुरा, लोकवार्ताको सिर्जना मान्छेले गर्छ, जातिविशेषले गर्छ वा कुनै क्षेत्रमा बसोबास गर्ने व्यक्तिले गर्छ। त्यसैले उसको व्यक्तित्व, जातीय अस्मिता, जातीय पहिचान, जातीय अस्तित्व, लोकवार्ता, लोकसाहित्य, लोकभाषा, उनीहरूको जीवनपद्धति, विश्वास र आस्थासँग प्रत्यक्ष रूपले सम्बन्धित हुन्छ।

लोकवार्तागत अध्ययन र अनुसन्धानलाई अगाडि बढाएर हाम्रो सांस्कृतिक पहिचान र अस्मिता जीवन्त राखेर यसको सदुपयोग गर्नुपर्छ। कुनै पनि देशको विकासको कुरा गर्दा, भौतिक विकास मात्र भएर हुँदैन। हो, बाटो, पुल, विद्यालय बन्नुपर्छ, तर त्यतिले पुग्दैन। मानिसका मानसिक र आन्तरिक विकास पनि त्यत्तिकै महत्त्वपूर्ण हुन्छ।

Watch Video At: https://youtu.be/LD8jZ93NGE8

लोकवार्तालाई पहिचान र विकाससँग जोडेर हेर्नुहुन्छ?

हो, त्यसैले लोकवार्ताको अध्ययन नाच, कथा, गीतको सङ्कलनमा मात्र हुँदैन। यसको संरक्षण र प्रवर्द्धन कसरी गर्नुपर्छ। जातिविशेषको विशेषता, के कुरामा उनीहरू सफल हुन सक्छन्, के काममा उनीहरू अगाडि बढ्न सक्छन्, त्यतैतिर उनीहरूलाई संलग्न बनाउनुपर्छ। स्थानीय र राष्ट्रिय विकासमा थालनीदेखि नै उनीहरूलाई कसरी संलग्न गर्ने, उनीहरूलाई कसरी अपनत्व दिने, त्यहाँका विद्यालयलाई त्यहाँका नागरिकले थाहा पाउन्, हाम्रै भावी सन्ततिलले पढ्ने ठाउँ हो, बाटो त्यही स्कुल जाने बाटो हो, बनिसकेपछि त्यसको सुरक्षा र बन्दा पनि त्यसलाई बलियो बनाउन नागरिक चेतनाले काम गर्छ।

त्यस कारण, लोकवार्ता र संस्कृतिको अध्ययनमा देशको विकासको सन्दर्भ, अनि त्यति मात्र नभएर जातिगत पहिचान र अस्मिताको सन्दर्भ र उनीहरूले पाउनुपर्ने सांस्कृतिक अधिकार तथा संस्कृतिको संरक्षण र प्रवर्द्धनमा पनि हामी लाग्नुपर्छ भन्ने चेतना विकसित गर्नुपर्छ। यो क्रमश: विकसित हुँदै गएको छ र मान्छेहरू सचेत हुँदै आएका छन्। यसको भविष्य म चाहिँ उज्वल नै देख्छु।

नयाँ-नयाँ प्रविधि भित्रिएसँगै विगतका परम्परा र कुरामा कत्तिको फरक पर्छन् ?

लोकवार्ता भनेको प्राचीन कुरा मात्र होइन, वर्तमानको पनि हो र वर्तमानको मात्र होइन, भविष्यसम्म जाने कुरा पनि हो।

लोकवार्ता र संस्कृतिहरूलाई हेर्दा हामीले जहिले पनि गाउँको, किसानहरूको, नपढेकाहरूको वा मानौँ विकासमा पहुँच नपाएकाहरूको सम्पदाका रूपमा हेर्ने गर्छौं, होइन त्यो।

प्रविधिको विकाससँगसँगै सांस्कृतिक विकासले पनि आफ्नो रूपमा परिवर्तन ल्याउने र आफ्नो प्रवृत्ति र प्रकृतिमा परिवर्तन आउँछ र आउनु पनि पर्छ। त्यो समय, स्थान र कालअनुसार अगाडि बढ्नै पर्छ र गतिशील हुनै पर्छ। संस्कृति भनेको स्थिर, उभिरहने वा एकै ठाउँमा बसिरहने वस्तु होइन, त्यसमा गतिशीलता हुनुपर्छ। त्यसले समय र आवश्यकताअनुसार संस्कृतिलाई गतिशील बनाएर अगाडि लान्छ र मान्छेको जीवनपद्धतिमा आउने परिवर्तनसँगै त्यसलाई अझ गणग्राही र गुणसम्पन्न गराउनमा यसको सदुपयोग गर्नुपर्छ।

जातिविशेषको विशेषता, के कुरामा उनीहरू सफल हुन सक्छन्, के काममा उनीहरू अगाडि बढ्न सक्छन्, त्यतैतिर उनीहरूलाई संलग्न बनाउनुपर्छ।

के लोकवार्ताको तुलनात्मक अध्ययन हुन्छ?

संसारको कहीँकतैको पनि लोकवार्ता कसैसँग मेल खाँदैन। सबैको आ-आफ्नै विशेषता हुन्छ। लोकसंस्कृति र लोकवार्ता भनेको त्यो देशको प्राकृतिक पर्यावरण र सम्पदामा एक वा अर्को प्रकारले जोडिएको हुन्छ।

संस्कृतिको क्षेत्रमा कोही अग्लो, कोही पुड्को, कोही मोटो र कोही पातलो हुँदैन, सबै समान हुन्छन्। सांस्कृतिक रूपले कुनै जातिको संस्कृति उच्च वा कुनै जातिको निम्न हुन्छ भन्नेमा मेरो विश्वास छैन।

त्यस कारण हाम्रो संस्कृति हाम्रो आफ्नै प्रकारको छ, यो अरूसँग तुलना गरेर यो चाहिँ माथि, यो चाहिँ तल, यो चाहिँ उपयुक्त, यो चाहिँ अनुपयुक्त भन्ने दृष्टिकोण नै सांस्कृतिक अध्ययनको क्षेत्रमा गलत हुन्छ।

संस्कृतिजस्तै लोकवार्ता पनि परिवर्तन हुँदै जाने भए हामीले यस विषयलाई कसरी लिने?

आफ्नो संस्कृतिलाई सबल बनाउने, प्रगतिशील तुल्याउने, मानव कल्याण र अरूको हितका लागि उपयुक्त बनाउने कार्य अरूले आएर गर्दैन, हामीले आफैं गर्नुपर्छ।

त्यो संस्कृतिको परिवारले पनि सक्रिय भएर अगाडि बढ्नुपर्छ र हामीहरूको जातजातिको विभिन्न भाषाभाषिका बोल्नेलाई समाजको आफ्नो सांस्कृतिक मूल्यलाई संरक्षण गर्ने अधिकारलाई सुरक्षा दिनुपर्छ। त्यहीअनुसार तिनको पहिचानलाई अगाडि बढाउनुपर्छ।

आफ्नो संस्कृतिसँग परिचित हुनु, त्यसको विशेषतलाई बुझ्नु र थाहा पाउनु र त्यसको विशेषतालाई कुन-कुनलाई निरन्तरता दिनु र कुन-कुनमा रुढीवादी हुन्छ र मुक्ति पाउनुपर्छ भन्ने कुरा यस विषयगत अध्ययनबाट हाम्रो चेतनाले उपलब्ध गराउँछ।